# प्राज्ञिक विशेषताका आधारमा कक्षा नौको भाषा पाठ्यपुस्तक २०७९ को विश्लेषण

प्राप्त मितिः २२ जुलाई २०२६
स्वीकृति मितिः १३ सेप्टेम्बर २०२६
प्रकाशित मितिः अक्टोबर २०२६

विष्ण आर.सी., गणेश शर्मा, हरिजङ्ग शाह
मध्यपश्चिम विश्वविद्यालय
shahhari2038@gmail.com

**लेखसार**

*प्रस्तुत अनुसन्धान कक्षा नौको प्राज्ञिक विशेषताको आधारमा परिमार्जित नेपाली भाषा पाठ्यपुस्तक (२०७९) को विश्लेषणसँग सम्बन्धित छ । गुणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित यस अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिमार्फत चयन गरिएका अनुभवी नेपाली भाषा शिक्षकहरूसँगको अन्तर्वार्ता र विभिन्न पाठ्यविषय तथा सम्बन्धित पाठ्यक्रम दस्तावेजहरूको गहन अवलोकन एवं विश्लेषणबाट प्राथमिक तथा द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनको निष्कर्ष अनुसार प्राज्ञिक दृष्टिले पाठ्यपुस्तकको विषयवस्तु छनोट, कार्यमूलक शब्दभण्डार, व्यावहारिक भाषा संरचना, नमुना अभ्यास, रङ्गीन चित्र र स्तरण सरलताबाट जटिलतातर्फ चक्रीय प्रणालीमा आधारित भई विद्यार्थीको भाषिक सिप विकास गर्न उपयोगी र प्रभावकारी पाइएको छ । साहित्यिक पाठमा लेखक परिचयको कटौती, कठिन शब्दभण्डार, साना अक्षर र व्याकरण शिक्षणका लागि समयको कमी जस्ता प्राज्ञिक चुनौतीहरू देखा परेका छन् । यसरी पाठ्यक्रमअनुकूल, विधागत रूपमा विविधता, सामान्यतः विद्यार्थीको तहअनुकूल पाठ्यवस्तुको सान्दर्भिकता, कठिन शब्द तथा भाषा संरचनाको तहअनुकूलत मौलिक तथा आलोचनात्मक अभ्यासको विस्तार आगामी पाठ्यपुस्तकमा सुधार गर्नुपर्ने पक्ष रहेको प्रस्तुत अध्ययनले देखाएको छ ।*

**शब्दकुञ्जिकाः** प्राज्ञिक, भौतिक, नेपाली, पाठ्यक्रम, शब्दभण्डार ।

## अध्ययनको पृष्ठभूमि

विद्यालयीय भाषा शिक्षण सिकाइलाई व्यवस्थित र उद्देश्यपरक बनाउन पाठ्यक्रमले महत्वपूर्ण आधार प्रदान गर्दछ । पाठ्यक्रमले निश्चित तह र कक्षाका विद्यार्थीले के सिक्ने, किन सिक्ने र अपेक्षित सिकाइ उपलब्धि कसरी प्राप्त गर्ने भन्ने दिशानिर्देश गर्दछ । नेपालमा विद्यालय शिक्षालाई व्यवस्थित गर्न तयार गरिएको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई विद्यार्थीको ज्ञान, सिप, क्षमता, व्यवहार जीवनोपयोगी दक्षताको विकाससँग जोडेको छ (पाठ्यक्रम विकास केन्द्र, २०७६) । पाठ्यक्रम विकास केन्द्रको आधिकारिक अभिलेखअनुसार विद्यालय शिक्षाका लागि आधारभूत मार्गदर्शक दस्तावेजका रूपमा रहेको छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य, सिकाइ उपलब्धि र विषयवस्तुलाई विद्यार्थी तथा शिक्षकसम्म व्यवहारिक रूपमा पुऱ्याउने प्रमुख माध्यम पाठ्यपुस्तक हो । पाठ्यपुस्तक पाठ्यक्रमको लिखित तथा व्यावहारिक रूप भएकाले यसले पाठ्यक्रममा निर्धारित विषयवस्तुलाई क्रमबद्ध, व्यवस्थित र विद्यार्थीको तहअनुकूल प्रस्तुत गर्दछ । विशेषतः भाषा विषयमा

पाठ्यपुस्तकले भाषिक ज्ञान, शब्दभण्डार, भाषिक संरचना, पठन, लेखन, श्रवण तथा बोलाइसँग सम्बन्धित अभ्यासका साथै साहित्यिक तथा गैरसाहित्यिक सामग्रीलाई सिकाइ प्रक्रियासँग जोड्ने कार्य गर्दछ (शर्मा र पौडेल, २०६८) । त्यसैले पाठ्यपुस्तकको गुणस्तरले कक्षाकोठाको शिक्षण-सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्न सक्छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि छुट्टै निर्देशिका तथा सम्बन्धित सामग्री समेत प्रकाशित गरेको देखिन्छ । जसले पाठ्यक्रम र पाठ्यपुस्तकबिचको सम्बन्धलाई संस्थागत रूपमा स्पष्ट पारेको छ ।

पाठ्यपुस्तकको गुणस्तर निर्धारण गर्दा यसको प्राज्ञिक तथा भौतिक पक्ष दुवैलाई विचार गर्न आवश्यक हुन्छ । प्राज्ञिक पक्षअन्तर्गत पाठ्यवस्तु, विषयवस्तुको छनोट र प्रस्तुतीकरण, शब्दभण्डार, भाषिक संरचना, नमुना, अभ्यास, चित्र तथा सामग्रीको क्रमबद्धता र स्तरीकरणजस्ता पक्ष पर्दछन् । पाठ्यवस्तु विद्यार्थीको उमेर, बौद्धिक स्तर, भाषिक क्षमता, रुचि, आवश्यकता र पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिसँग अनुकूल हुनुपर्छ (ढकाल, २०७३) । त्यसैगरी अभ्यासहरू केवल स्मरणमा आधारित नभई विद्यार्थीलाई भाषाको व्यावहारिक प्रयोग, सिर्जनात्मक अभिव्यक्ति, विश्लेषण तथा सञ्चारतर्फ उन्मुख गराउने खालका हुनु आवश्यक हुन्छ । पाठ्यपुस्तक विश्लेषणसम्बन्धी त्रिभुवन विश्वविद्यालयका पूर्वअध्ययनहरूले पनि प्राज्ञिक पक्षअन्तर्गत विषयवस्तु, प्रस्तुतीकरण, शब्दभण्डार, भाषिक संरचना, अभ्यास, भाषिक कार्य तथा चित्र चित्रण जस्ता पक्षलाई विश्लेषणका आधारका रूपमा प्रयोग गरेका छन् । पाठ्यपुस्तक विश्लेषण केवल पुस्तकका गुणदोषको सामान्य वर्णन गर्ने कार्य होइन; यसले पाठ्यक्रमका अपेक्षा र पाठ्यपुस्तकमा प्रस्तुत वास्तविक सामग्रीबिचको सामञ्जस्य परीक्षण गर्ने अवसरसमेत प्रदान गर्दछ (पौडेल, २०७९) । पाठ्यपुस्तकका सबल पक्ष पहिचान गर्नुका साथै विद्यार्थीको तह अनुकूल नभएका, अस्पष्ट, अपूर्ण वा सुधार आवश्यक पक्ष पहिचान गर्न पाठ्यपुस्तक विश्लेषण उपयोगी हुन्छ ।

यसै सन्दर्भमा विद्यालय शिक्षामा प्रयोग भइरहेको कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक २०७९ को प्राज्ञिक तथा भौतिक विशेषताको व्यवस्थित अध्ययन आवश्यक देखिन्छ । नयाँ पाठ्यक्रमअनुकूल तयार गरिएको पाठ्यपुस्तकले निर्धारित भाषिक तथा साहित्यिक उद्देश्य पूरा गर्न पर्याप्त र उपयुक्त सामग्री समेटेको छ वा छैन, विषयवस्तु विद्यार्थीको तह तथा सिकाइ आवश्यकताअनुकूल छ वा छैन, अभ्यास तथा नमुना पर्याप्त र प्रभावकारी छन् वा छैनन्, चित्र तथा प्रस्तुतीकरणले सिकाइमा सहयोग पुऱ्याउँछन् वा पुऱ्याउँदैनन् भन्ने प्रश्नहरू अनुसन्धानका दृष्टिले महत्वपूर्ण छन् । अतः प्रस्तुत अध्ययनमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक २०७९ लाई प्राज्ञिक विशेषताका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षले नेपाली भाषा शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक तथा सम्बन्धित शैक्षिक निकायलाई आगामी पाठ्यपुस्तकको निर्माण, परिमार्जन तथा गुणस्तर सुधारका लागि उपयोगी आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## अध्ययनको विधि

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक (२०७९) को प्राज्ञिक पक्षको विश्लेषणमा केन्द्रित यो अध्ययन गुणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा कक्षा नौमा नेपाली विषय अध्यापन गराउने ६ जना अनुभवी शिक्षकहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिद्वारा चयन गरी अर्धसंरचित अन्तर्वार्तामार्फत प्रत्यक्ष तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसैगरी, द्वितीयक स्रोतका रूपमा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समेटिएका १६ वटा पाठहरू, पाठ्यपुस्तक निर्माण तथा विकास निर्देशिका (२०७६) र भाषा शिक्षणसम्बन्धी प्राज्ञिक दस्तावेजहरूको अवलोकन तथा दस्तावेज विश्लेषण गरिएको छ । सङ्कलित तथ्याङ्क तथा शिक्षकहरूबाट प्राप्त प्रतिक्रियालाई पाठ्यपुस्तकका प्राज्ञिक विशेषता पाठ्यवस्तु छनोट, शब्दभण्डार, भाषा संरचना, नमुना अभ्यास, चित्र र स्तरणका आधारमा वर्गीकरण गरी गुणात्मक तथा विषयगत विश्लेषण विधिबाट व्याख्या र निष्कर्ष निकालिएको छ ।

## प्राज्ञिक विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक २०७९ को विश्लेषणमा केन्द्रित रहेकाले उक्त भाषा पाठ्यपुस्तकको विश्लेषणका क्रममा पाठ्यपुस्तकका स्तरगत आधारअन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, नमुना अभ्यास, चित्र रहेका छन् भने पाठ्यवस्तुको प्रस्तुतीगत उपयुक्ततामा छनोट, स्तरण र अन्यको विश्लेषण गरिएको छ ।

### पाठ्यवस्तु

माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको अपेक्षा र निर्देशन बमोजिम नेपाली पाठ्यपुस्तक तयार गरिन्छ । कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक २०७९ मा भाषिक सिपहरूको सक्षमताका लागि विधागत विविधता पाइन्छ । यस नेपाली भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले तोके बमोजिम कविता, कथा, निबन्ध, निवेदन, जीवनी, संवाद गरी १६ ओटा विधाका पाठहरू राखिएको छ ।

पाठ्यपुस्तकका विधाको क्षेत्रक्रममा कविता विधाअन्तर्गत मेघ र विजुली विवाह, सारङ्गीमा देश, आमाको तस्बिर गरी जम्मा ३ ओटा कविता राखिएका छन् भने कथा विधाअन्तर्गत स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय र पीडा, भविष्य निर्माण जस्ता कथाहरू गरी चारओटा कथा राखिएका छन् । निबन्ध विधाअन्तर्गत करेसाबारी, नेपाली लोक बाजा गरी दुईओटा निबन्ध राखिएका छन् । जीवनी विधाअन्तर्गत सत्यमोहन जोशीको जीवनी, माइकल फेराडेको जीवनी गरी दुईओटा जीवनीलाई राखिएको छ । संवाद विधाका रूपमा पर्यावरण सन्तुलन एकओटा राखिएको छ भने नियात्राका रूपमा एकओटा नियात्रा विधालाई पनि समेटिएको छ । उक्त नियात्रा विधामा कञ्चनजङ्घालाई नियाल्दा भन्ने शीर्षकमा राखिएको छ । चिठी विधाअन्तर्गत कार्यालयीय चिठी एउटा मात्र राखिएको छ र यसका साथै पाठ्यपुस्तकको अन्तिम भागमा परिशिष्टका रूपमा सुनाइ पाठलाई समेत समावेश गरिएको छ । पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि आवश्यक पर्ने विभिन्न

विषयवस्तुहरू समेटिएको छ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता हासिल हुन सक्ने गरी विषयवस्तुहरू समावेश गरिएको छ । उद्देश्यका आधारमा पनि पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु उत्तम नै रहेका छन । विद्यार्थीको उमेर, रूचि, स्तर अनुसार भरतराज पन्तको मेघ विजुली विवाह, कविता विद्यार्थीहरूलाई अलि कठिन देखिए तापनि समग्रमा पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु जीवन उपयोगिताका आधारमा मध्यम स्तरको रहेका छन् । साहित्यकारका लेख रचना दिँदा पहिलेको पाठ्यपुस्तकमा लेखक वा साहित्यकारको परिचय दिएको हुन्थ्यो भने यस पाठ्यपुस्तकमा उक्त व्यवस्था हटाइन्छ । यस आधारमा शिक्षक तथा विद्यार्थीलाई कविता लेखकका बारेमा जानकारी तथा ज्ञान नहुने देखिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु वा पाठ्यवस्तु कत्तिको उपयुक्त छन् कि छैनन् ? छन् भने के कारणले छन् ? छैन भने के कारणले छैन ? यसका समस्या के छन् ? यसको समाधानका उपाय केके हुन सक्छन् भन्ने प्रश्नमा शिक्षक १ को अनुभव तथा धारणा यस्तो रहेको छ :

*पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकमा रहेका सबै पाठ्यवस्तुहरू उपयुक्त छन् । सान्दर्भिक छन्, पाठ्यवस्तुकै सहायताले विद्यार्थीहरूलाई प्रत्येक दिनको कक्षा सञ्चालन गरिएको छ । कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकका पाठ्यवस्तुहरू विद्यार्थीको सिकाइ अनुकूल र सान्दर्भिक रहेको देखिन्छ । पाठ्यपुस्तकमा राखिएका विधाहरू सरलतादेखि जटिलताको क्रमा राखिएकाले विद्यार्थीलाई प्रत्येक दिन शिक्षण सिकाइका कक्षामा सहयोग पुगेको पाइन्छ । त्यसैगरी पाठ्यवस्तु शिक्षकलाई कार्यान्वयन प्रभावकारी बनाउने गरी राखिएको पाठ्यक्रममा अपेक्षा पूरा हुन सक्छ । केही पाठ्यवस्तु जटिल भए तापनि अधिकांश पाठ्यवस्तु उपयोगी नै रहेका छन् (अन्तर्वार्ता) ।*

माथि उल्लेखित शिक्षकले दिएको प्रतिक्रियामा पाठ्यवस्तु पाठ्यपुस्तकमा राम्रो रहेका छन् । पाठ्यवस्तुलाई पाठ्यक्रम अनुसार नै राखिएको पाइन्छ । सरलतादेखि जटिलताको क्रममा राखिएका छन् भने पाठ्यक्रमका उद्देश्य पूरा गर्ने गरी पाठ्यवस्तु राखिएको पाइन्छ । त्यसैगरी पाठ्यवस्तुका सम्बन्धमा अर्का शिक्षक २ ले दिएको प्रतिक्रिया यस प्रकार रहेको छ :

*पाठ्यपुस्तकका विषयवस्तु प्रभावकारी नै रहेका छन् । विधा र क्षेत्रक्रमलाई सिलसिलाबद्ध पाठ्यक्रम अनुकूल राखिएको छ । सिकाइ अनुकूल सबै विधालाई समेटिएकाले उपयुक्त रहेको प्रतिक्रिया दिएका छन् । पाठ्यक्रमका आधारमा विषयवस्तुका विधाका क्रम, अभ्यास अनुसार सुनाइ, बोलाइ, पढाइ, लेखाइ, साथै व्याकरण अभ्यास र परियोजना कार्य सबैका आधारमा उपयुक्त रहेका छन् । पाठ्यक्रमका उद्देश्य पुरा गर्न दिइएको पाठ्यपुस्तकले सघाउ पुर्‍याउँछ । समस्यामा कथा निबन्धका लेखकहरूको परिचय नहुने रहेको समाधानमा विद्यार्थीहरूलाई विभिन्न सन्दर्भ सामग्रीको आधारमा खोज गराउने, यसतर्फ सबैको ध्यान जाओस् (अन्तर्वार्ता) ।*

माथि उल्लेखित विभिन्न विषय शिक्षकको प्रतिक्रियाअनुसार विद्यालयमा पाठ्यपुस्तकका पाठ्यवस्तु उपयुक्त रहेको प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्यवस्तु विधाका क्रम, अभ्यास अनुसार सुनाइ, बोलाइ, पढाइ, लेखाइ, साथै व्याकरण अभ्यास र परियोजना कार्य सबैका

आधारमा उपयुक्त रहेको प्रतिक्रिया रहेको छ । जसमा पाठ्यवस्तुलाई अझ समय अनुसार सन्दर्भ सामग्रीको विषयवस्तु राख्न सुझाव दिइएको छ । पाठ्यक्रम अनुसार पाठ्यवस्तुलाई प्रभावकारी बनाइएको, भाषिक सिपलाई जोड दिएको जस्ता विषयवस्तु राखिएकाले उपयुक्त रहेको छ । प्रस्तुत परिमार्जित पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेबमोजिम विधाहरूको छनोट गरिएको छ । यस पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, चिठी, नियात्रा, वक्तृता जस्ता विधाहरू राखिएका छन् । उक्त विधा पाठ्यपुस्तकमा विद्यार्थीको उमेर, रूचि, क्षमता अनुसार उपयुक्त रहेका छन् । यसभित्र समावेश भएका पाठ्यवस्तु भाषिक सिपमा आधारित र विधाहरू बालबालिकाको रूचि, स्तर, चाहना र आवश्यकताका आधारमा भएकाले उपयुक्त नै छन् । यी प्रतिक्रिया अनुसार पाठ्यपुस्तकका पाठ्यवस्तु भाषिक सिपमा ध्यान दिई रूचिअनुसार निर्माण गरिएका छन् । स्तर र क्षमता अनुकूल आवश्यकतालाई मात्र ध्यान दिँदै पाठ्यवस्तु राखिएको छ । विद्यार्थीको सान्दर्भिकताका आधारमा पाठ्यवस्तु सुधार गर्नुपर्ने भएकाले आगमीय संसोधनमा विद्यार्थीको सान्दर्भिकतामा ध्यान दिनुपर्ने देखिन्छ ।

**शब्दभण्डार**

यस पाठ्यपुस्तकको शब्दभण्डारका आधारमा पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूमा प्रयुक्त शब्दहरूमा पाठ एकको मेघ बिजुली विवाह कवितामा प्रयुक्त नवीन शब्दहरूलाई गाढा बनाइएको छ । पाठमा प्रयुक्त नवीन शब्दलाई सम्बन्धित पाठ टिप्पणीको शब्दको अर्थ खुलाएर राखिएको छ । त्यसैगरी अभ्यास खण्डमार्फत ध्वनियुक्त शब्द, नाम, सर्वनाम र विशेषण शब्दको प्रयोग, ह्रस्व, इकार, उकार लागेका शब्दहरूको समेत प्रयोग गरिएको छ । यस पाठ्यपुस्तकमा केही झर्रा शब्दको पनि प्रयोग गरिएको छ । करेसाबारी निबन्धमा, स्वाद कथामा प्रविधिक तथा परिभाषिक शब्दहरूको पर्याप्त मात्रामा प्रयोग गरिएको छ । त्यसैगरी तत्सम, तद्भव, आगन्तुक शब्द, सिङ्गो शब्द र सङ्क्षिप्त शब्दहरूको बढी प्रयोग गरिएको छ । पाठ चार जीवनीमा शब्दको विपरित अर्थ आउने शब्दको प्रयोग गरिएको छ । जस्तै : स्वार्थ, निराशा, अरूचि, आदि शब्द राखिएका छन् भने उखान टुक्काको प्रयोग गरिएको छैन । शब्दभण्डारको आधारमा वर्तमान कक्षा नौको परिमार्जित भाषा पाठ्यपुस्तकमा पर्याप्त मात्रामा शब्दभण्डार दिइएको छ । नवीन शब्दहरू पनि उपयुक्त मात्रामा दिइएको विद्यार्थीको पूर्व अनुभवमा आधारित शब्दहरू पनि प्रशस्त मात्रामा दिइएको छ । तत्सम, तद्भव, आगन्तुक, पर्यायवाची जस्ता उपयुक्त शब्दको सनतुलन मिलाएको देखिन्छ । विद्यार्थीहरूको भाषिक क्षमता अनुसार शब्दहरूको प्रयोग नगरिएको देखिन्छ । व्याकरणिक दृष्टिले शब्दगत शुद्धता भने मध्यम खालको रहेको पाइन्छ । विद्यार्थीको स्तरगत आधारमा कठिन शब्दहरूको वितरण अवस्था कम रहेको पाइन्छ । यस आधारमा नेपाली भाषा पाठ्यपुस्तक हरेक पाठ र अभ्यासको शब्दार्थमा रातो मसिको प्रयोग गरिएको छ ।

मेघ विजुली विवाह कवितामा विधाअन्तर्गत प्रयोग गरिएका शब्दहरूमा जलद, दोसल्ला, नग, श्रतिपथ, पद्धति, मण्डप, शैलश्रेणी कदली, रूचिर, चँदुवा, पगरी, नभ, वसन, खास्टो, निशा, तम, पटल, कवरी, कल्ली, पयर, पलक, भुवन, सलामी जस्ता शब्दहरूले कवितामा मिठासता दिएको छ । सारङ्गीमा

देश कवितामा व्याथा, बक्खु, भाङ्ग्रा, मियो, कोटी, कर्मयोग, तपोभूमि, शिरपोस, समृद्धि र स्वणिम शब्द प्रयोग गरिएका छन् । आमाको तस्वीर कवितामा जाँतो, धान, लोरी, अखेटा, दैलो, खोरिया, गुँड आत्मसमीक्षा, तस्कर जस्ता शब्द प्रयोग गरिएका छन् । उक्त शब्दले विद्यार्थीहरूको शब्दभण्डारमा विकास पुग्ने गरी राखिएको छ ।

कथा विधामा प्रयोग गरिएका शब्दहरूमा चाया, अड्डा, कारिन्दा, व्यग्रता, खोटो बम्केरै, चीत्कार, कोलाहल, वैष्णद गौरव, अनकनाउनु, उत्साह, तृप्त, अविस्मरणीय र पैँचो शब्द प्रयोग गरिएका छन् । कालजित र अजङ्गको राक्षसको कथामा खर्क, राक्षस, उपद्रो भलादमी, उल्लङ्घन, कुरिया, दोजिया, भतुवा, वचनवाण, भय, अनुनय, भावी, सनासो, डाहा, सद्गत जस्ता शब्दको प्रयोग गरिएको पाइयो । उक्त शब्दको अर्थ विद्यार्थीले बताउन सक्ने गरी पाठको पृष्ठांकमा राखिएकाले पनि कथा विधा अध्ययनमा सहजता हुने देखिन्छ । समय र पिडा कथामा पदचाप, विवश, मनग्य हतप्रभ, हृदयङ्गम, अभीप्सा, दखल, आश्वासन, सामीप्य, वितृष्णा जस्ता शब्दको प्रयोग गरिएको छ ।

निबन्ध विधामा प्रयोग गरिएका शब्दमा प्रजाति, प्राङ्गारिक, सर्को, थाँक्रो, अवशेष, बेर्ना, छापो, चिचिन्डो, उत्पादकत्व, कन्दमूल, घुस्नु, सजग, विषादी शब्द राखिएका छन् । जीवनी विधामा वरेण्य, आलोकित, गौरव, सान्निध्य, दिलोज्यान, अहोरात्र, पर्यायवाची, वास्तविद् निष्ठावान आदि शब्द प्रयोग गरिएका छन् । फाइकल फराडेको जीवनीमा दृष्टान्त, कृतकृत्य,भयावह, विख्यात, जिल्दा, जिज्ञासा, अङ्कुरण, तीक्ष्ण, अन्वेषण, सापेक्षतावाद, गर्त शब्दले कथामा थप स्पष्टता पारेको पाइन्छ । संवाद विधामा प्रयोग गरिएका शब्दमा आवरण, अनुपम, क्षयकरण, क्षयीकरण, परावैजनी, पर्यावरण, अनवीकरणीय जस्ता शब्द राखिएका छन् ।

निबन्ध विधामा अनुपम, मेलापत, वादित्र, नगरा, अल्पसङ्ख्यक, अमूल्य, जगेर्ना, अत्युक्ति, गहन, अनुष्ठान, आभास, द्योतन आदि शब्दको प्रयोगले निबन्ध अध्ययनमा सहजता प्रदान गरेका छन् । उपयुक्त शब्दहरूमा पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकमा भाषिक सिप शिक्षणको माध्यम भएकाले नयाँ तरिकाबाट विद्यार्थीलाई सिकाउन खोजिएको छ । उस्तै अर्थ दिने विपरित अर्थ दिने, अनेकार्थी आदि सबै खाले शब्दको प्रयोग गरिएको छ । यसरी पाठ्यपुस्तकमा समावेश गरिएका शब्दभण्डार पर्याप्त मात्रामा राखिएका छन् । विद्यार्थीको पूर्व अनुभवमा आाधरित शब्दहरू पनि प्रशस्त राखिएको छ ।

पाठ्यपुस्तकमा समावेश गरिएका शब्दभण्डारका सम्बन्धमा पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकमा रहेका शब्दभण्डार उपयोग छन् कि छैनन् ? छन् भने के कारणले छन् छैनन् भने के कारणले छैनन् ? यसका समस्या के छन् ? यसका समाधान के के हुन् भन्ने प्रश्नमा शिक्षक ३ को प्रतिक्रिया यस प्रकार रहेको छ :

*शब्दभण्डारको उपयोग बढी गरिएको छ । भाषिक विकासका लागि नयाँ शब्दको ज्ञान आवश्यक भएकाले उपयुक्त रहेका छन् । शब्दभण्डार उपयोगी छन् किन कि व्याकरणको विधि प्रयोग*

*गरिएका छन् । यस पाठ्यपुस्तकमा पर्याप्त सिर्जनात्मक अभ्यासमा र अभ्यासमा शब्दभण्डारको उपयोग सम्बन्धीका धेरै राखिएको छ । शब्दभण्डार पर्याप्त भएतापनि तहगत विधार्थीको क्षमता भन्दा कठिन रहेको पाइन्छ । सरल, सहज खालका शब्दको प्रयोग गर्नु उपयुक्त मानिन्छ ( अन्तर्वार्ता) ।*

उल्लेखित शिक्षकको प्रतिक्रिया अनुसार पाठ्यपुस्तकको भाषिक पक्ष विकास गर्ने खालका शब्दभण्डार क्षमताको विकास गर्ने खालका शब्दहरू राखिएका छन् । विद्यार्थीको सिर्जनात्मक क्षमता विकास गर्ने खालका अभ्यास र शब्दभण्डारले पनि विद्यार्थीको सरल खालका शब्द राखि सरल वाक्य बनाइएको छ । खोजमूलक कठिन शब्दलाई रङ्गीन बनाइएको छ । यस आधारमा शब्दभण्डारका आधारमा उपयुक्त छ । त्यसैगरी पाठ्यपुस्तकमा शब्दभण्डारको प्रयोगका सम्बन्धमा अर्का एक जना अर्का शिक्षक ४ को जिज्ञासा यस्तो रहेको छ :

*पाठ्यपुस्तकमा भाषिक सिप शिक्षणको माध्यम भएकाले यसमा समावेश गरिएका शब्दभण्डार उपयोगी नै छन् । पाठको हरेक पृष्ठको तह शब्दार्थ रहेको हुँदा त्यहीँ पेजमा अप्ठ्यारा लागेका शब्दको अर्थ थाहा पाउन सहज रहेको यो उपयुक्त छ । सबै शब्दार्थले समट्न नसक्ने रहेको छ, यसमा प्रविधिको प्रयोग र शब्दकोषको प्रयोगद्वारा समाधान गर्न सकिन्छ । पाठ्यक्रमकै आवश्यकताका आधारमा पाठ्यपुस्तक र पाठ्यपुस्तकमा विद्यार्थीकै आवश्यकता आधारित भएकाले शब्दभण्डार पनि उपयोग रहेको देखिन्छ (अन्तर्वार्ता) ।*

माथि उल्लेखित विभिन्न शिक्षकहरूले पाठ्यपुस्तकमा समावेश गरिएको शब्दभण्डारको अवस्थालाई हेर्दा पाठ्यपुस्तकमा समावेश गरिएका शब्दभण्डारको प्रयोग पर्याप्त मात्रामा रहेको पाइन्छ । पाठ्यपुस्तकका शब्दार्थहरू केही कठिन खालका रहेका छन् भने केही विद्यार्थीको क्षमता अनुसार नरहेको धारणा दिएका छन् । प्राविधिक शब्दको प्रयोग कम गरिएको र पाठ्यक्रम पाठ्यपुस्तकको आवश्यकता अनुसार शब्दहरूको प्रयोग गरिएको धारणा शिक्षकको रहेको छ । पाठ्यपुस्तकका अन्तिम पृष्ठमा शब्दहरू राखिएकाले पाठका कठिन शब्दहरूको ज्ञान विद्यार्थीमा हुने र शब्दार्थ कठिनाइमा कमी गर्न सक्ने गरी शब्द राखिएको छ । अभ्यासमा शब्दको प्रयोग, वाक्यमा प्रयोग र शब्दको खोजी जस्ता अभ्यास पर्याप्त राखिएका छन् । जसले गर्दा विद्यार्थीको शब्दभण्डार क्षमता वृद्धि गर्न सक्ने खालका अभ्यासमा जोड दिएको पाइन्छ । पाठमा प्रयोग गरिएका महत्वपूर्ण शब्दलाई रङ्गीन रूपमा राखिएकाले कठिन शब्द खोज्न सहज बनाएको, व्याकरण अभ्यासमा पनि शब्दको भर्ने अभ्यासमा जोड दिएकाले शब्दभण्डारका आधारमा उपयुक्त रहेको छ ।

**भाषा संरचना**

मेघ र विजुली विवाह कवितामा केही जटिल साहित्यिक शब्दको प्रयोगले भने विद्यार्थीमा कठिन भाषा राखिएको छ । सिकारु केन्द्रित व्यवहारिक, स्पष्ट र रोचक भाषामा प्रयोग गरिएको छ । सरल र

संयुक्त वाक्यलाई बढी प्रयोग गरी भाषिक स्पष्टतामा जोड दिएको छ । सामान्य विद्यार्थीले पूर्व अध्ययनबाट बोले सुनेका शब्दको बढी प्रयोग गरिएको छ । विद्यार्थीको स्तर अनुसारका जटिल वाक्यको कम प्रयोग भएकाले भाषा शैलीका आधारमा पाठ्यपुस्तक उपयुक्त देखिन्छ । पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकमा रहेका भाषा संरचना उपयुक्त छन् कि छैनन् ? छन् भने के कारणले छन् ? छैनन् भने के कारणले छैनन् ? यसका समस्या के छन् यसको समाधान के कसरी गर्न सकिन्छ ? भन्ने सन्दर्भमा प्रश्न गर्दा शिक्षक २ को भाषा संरचनाका सम्बन्धमा यस्तो प्रतिक्रिया रहेको छ :

*भाषा पाठ्यपुस्तकमा समावेश गरिएको भाषा संरचनाको अध्ययन गर्दा कार्यमूलक रूपमा उपयुक्त छन् । भाषा संरचना ठिक छन् किन कि भाषिक संरचना अनुसार नै तयार रहेकाले ठिक छन् । यस पाठ्यपुस्तकमा रहेका भाषा संरचना मध्यम खालका रहेका छन् । विद्यार्थीको भाषिक ज्ञानलाई ध्यानमा राखी भाषा संरचनालाई संयोजन गर्नुपर्ने देखिन्छ । भाषिक संरचना उपयुक्त नै छन् (अन्तर्वार्ता) ।*

यसरी माथि उल्लेखित शिक्षकको प्रतिक्रियाअनुसार कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तको भाषिक संरचना विद्यार्थीको ज्ञानमूलक र वाक्यात्मक रुपमा मध्यम स्तरको रहेको छ । अघिल्लो कक्षाका शब्द तथा मिल्दो भाषाको प्रयोग गरिएको पाइन्छ । व्यावहारिक भोगाइका शब्दको प्रयोग गरिएकाले सरल किसिमको छ । यसका सम्बन्धमा एक जना अर्का शिक्षक ५ को अनुभव यस प्रकार दिएका छन् :

*भाषा पाठ्यपुस्तक भाषिक संरचनाको आधारमा पाठ्यवस्तुहरू मिलेको हुँदा उपयुक्त नै छन् । विभिन्न समुदायबाट आएका विद्यार्थीहरू हुँदा संरचनामा केही समस्या छ । पर्याप्त अभ्यासबाट यसलाई समाधान गर्न सकिन्छ । भाषा संरचनाका आधारमा वर्तमान पाठ्यपुस्तक उपयुक्त रहेको छ । भाषा सरल, सहज र उपयुक्त शैली अपनाइएको छ (अन्तर्वार्ता ) ।*

उपयुक्त प्रतिक्रियाअनुसार रहेका पाठ्यपुस्तकमा समावेश गरिएका भाषा संरचना प्रभावकारी रहेको छ । भाषागत रूपमा सरल, सहज र उपयुक्त शैली अपनाएको धारणा दिएका छन् । भाषा संरचना मध्यम स्तरको रहेको प्रतिक्रिया दिएको तर विद्यार्थीको भाषिक ज्ञानलाई ध्यान छद्ध राखेर भाषा संरचना उल्लेख गर्नुपर्ने सुझाव दिइएको छ । यसरी शिक्षकको धारणा अनुसार विद्यार्थीको स्तर अनुकूल नै भाषिक संरचना उपयुक्त रहेको पाइन्छ । पाठमा प्रयोग गरिएका वाक्यहरू छोटा किसिमका राखिएका छन् । सलताबाट जटिलताको क्रममा भाषिक पक्ष रहेको छ । पाठ्यपुस्तकमा विद्यार्थी आकर्षिक पाठहरूको सभ्य रूपमा राखिएको छ । पाठ्यपुस्तकमा शब्दभण्डार, वाक्य संरचना तथा भाषाशैली सरल हुने गरी सिलसिलावद्ध रूपमा राखिएको छ । शिक्षणका क्रममा विद्यार्थीलाई बोझिलो नलाग्ने गरी पाठ्यवस्तु राखिएका छन् । भाषिक रूपमा कतिपय कविता विधामा मात्र साहित्यिक क्षेत्रलाई बढी समेटिएकाले भाषिक पक्ष विद्यार्थीको स्तर अनुकूल रहेको पाइन्छ । आामीय पाठ्यपुस्तक संसोधन गर्दा भाषिक पक्षमा सरलता किसिमका वाक्य विन्यासमा जोड दिनु उपयुक्त हुने देखिन्छ ।

**नमुना अभ्यास**

भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकास गराउन पाठ्यसामग्रीका रूपमा लिइन्छ । भाषा सिक्नको लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप सिकाउनु पर्छ । यस्तो सिप विकास गराउन अभ्यासबाट मात्र प्राप्त हुन्छ । विषयवस्तुको शिक्षण पश्चात् विद्यार्थीमा के कति मात्रामा उपलब्धी भयो भनी थाहा पाउन अभ्यासलाई पाठ्यपुस्तकमा समावेश गरिएको हुन्छ । विद्यार्थीको भाषिक सिप विकास गराउनका लागि अभ्यास राखिएको हुन्छ । अभ्यासले विद्यार्थीलाई पर्याप्त मात्रामा अभ्यास गर्न र शिक्षकलाई मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ ।

सबै पाठहरूमा क्रमश रूपमा शब्दभण्डार, बोध अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषिक संरचना र वर्णविन्यास, सिर्जनात्मक र परियोजना कार्य जस्ता अभ्यासलाई समावेश गरिएको छ । उक्त अभ्यासहरू प्रत्येक पाठको अन्तिममा पाठसँग सम्बन्धित रही राखिएका छन् । विद्यार्थीहरूको वर्णहरूको पहिचान गर्नका आधारमा लेख्न चिन्हको उचित प्रयोग गरी लेखाइ सिप विकास गर्न र व्यावहारिक लेखनका लागि चिठी, निवेदन, सारांश, अनुच्छेद, घरायसी पत्र, विषयवस्तुको क्षेत्र र क्रम अनुसार साहित्यक विधाहरूको अंश छनोट गरी लेखन कार्यमा विकास हुने गरी लेखाइका कार्यकलापहरू सिर्जना गर्नुपर्नेमा अभ्यासमा जोड दिएको छ । विधाका विविध अन्य विषयवस्तुलाई पढेर बोध गरी विभिन्न पूर्वानुमान, सारांश, संश्लेषण, प्रतिक्रियाका आधारमा पाठ पढ्न सक्ने बनाउने खालका अभ्यास राख्न पाठ्यक्रमले जोड दिएको छ । यस पाठ्यपुस्तकमा शब्दभण्डारमा शब्दार्थ लेखन पाठबाट छानेर लेखन, वाक्यमा प्रयोग, प्रश्न लेखन, व्याख्या, बुँदा टिपोट, अनुच्छेद लेखन, विवेचना, समीक्षात्मक उत्तर, टिप्पणी लेखन, विधा लेखन जस्ता अभ्यास राखिएका छन् । साथै पाठ्यपुस्तकमा शब्दभण्डार, बोध अभिव्यक्ति, सुनाइ, बोलाइ, भाषातत्त्व, सिर्जनात्मक र परियोजना कार्य सुनाइ छठ पाठहरू समावेश गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूमा पाठ्यक्रमले अपेक्षा र निर्दिष्ट गरेका अभ्यास राखिएकाले पाठ्यपुस्तक उपयुक्त रहेको छ । पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास उपयुक्त छन् कि छैनन् ? छन् भने के कारणले छन् छैनन् भने के कारणले छैनन् ? यसका समस्या के छन् । यसको समाधान के हुन सक्छ ? भन्ने सम्बन्धमा शिक्षक १ को प्रतिक्रिया यस प्रकार रहेको छ :

> *पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यास उपयुक्त छन् । सिकाइलाई विविधतायुक्त बनाउन खोजिएको छ । विद्यार्थीको स्तर अनुसार सिर्जनात्मक, भाषिक सिपगत, व्याकरण अभ्यासहरू राखिएका छन् । पाठगत आधारमा नमुना अभ्यासहरू ठिकै छन् किन कि पाठ्यपुस्तकमा आधारित रहेकाले ठिक छन् । पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास उपयुक्त रहेको पाइन्छ । सबै व्याकरणिक कोटीलाई समेटी अनुच्छेदका आधारमा नमुना अभ्यास दिइएको छ (अन्तर्वार्ता) ।*

माथि उल्लेखित अभ्यासका सम्बन्धमा शिक्षकले दिएको प्रतिक्रियालाई हेर्दा अधिकांश शिक्षकहरूले पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यास पाठ्यक्रम अनुसार राखिएको, विद्यार्थीको रूचि,

क्षमता र स्तर अनुसार राखिएको, व्याकरणलाई समेटिएको समय परिवेश अनुसारका आवश्यकता पूरा गर्ने गरी राखिएकाले पाठ्यपुस्तकका अभ्यास उपयुक्त नै रहेको प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा समावेश गरिएका पाठका अभ्यासहरू विद्यार्थीको सिकाइ अनुकूल रहेका छन् भाषिक पक्षका आधारमा सुनाइ सिपका अभ्यसाहरू बढी राखिएका छन् । परिशिष्टमा पनि सुनाइ सिपलाई जोड दिइएको छ । अभ्यासमा सिर्जनात्मक राखिएकाले पनि अभ्यास उपयुक्त रहेका छन् । सिकाइका क्रममा विद्यार्थीको क्षमता विकास हुने गरी विभिन्न किसिमका अभ्यास राखिएका छन् यस आधारमा हेर्दा पाठ्यपुस्तकको स्तर अनुकूल विभिन्न अभ्यासको प्रयोग गरिनुले पनि अभ्यास उपयुक्त रहेका छन् ।

**चित्र**

प्रस्तुत कक्षा नौको नेपाली पाठ्यपुस्तकमा जम्मा १६ ओटा पाठहरूमा प्रत्येक पाठको पहिलो पृष्ठमा रहने गरी स्पष्ट रूपमा चित्र राखिएको छ । उक्त चित्रहरूले पूर्ण रूपमा पाठको समग्र पक्षलाई दृश्यात्मक रूपमा उल्लेख गरिएका छन् । चित्रहरूको आकार स्पष्ट रूपमा देखिने पृष्ठको मध्यम भागसम्म राखिएका छन् । आकारका दृष्टिले चित्र ठूला मध्यम र केही पाठमा साना पनि राखिएका छन् । सबै पाठका चित्रहरू रङ्गीन भएकाले चित्रमा सम्पूर्ण भाग स्पष्ट देखिएको छ । पाठको भावहरू सबै चित्र उपयुक्त देखिन्छन् । कतिपय अभ्यासमा पनि चित्र राखिएकाले चित्रको वर्ण गर्ने अभ्यास गरिनु उक्त पाठ्यपुस्तकको राम्रो मानिन्छ । चित्र हेरेर वर्णन गर्न सक्ने क्षमताको विकास हुने गरी अभ्यास राखिनु, पाठमा स्पष्ट बुझिने खालका चित्र फरक फरक पाठ अनुसार र भाव अनुसार प्रयोग गरिनुले पाठक तथा सिकारुलाई थप प्रभावकारी बनाएको छ । नेपाल सरकार (२०७६) अनुसार चित्र आवश्यक निर्देशन अनुसार कालो वा रङ्गीन हुनुपर्दछ । पाठभित्र चित्रहरु राख्दा चित्रको साइज पाठ्यक्रम विकास केन्द्रको निर्देशन अनुसार हुनुपर्दछ । चित्रलाई सम्बन्धित विषयवस्तु रहेको उपयुक्त ठाउँमा हुनुपर्ने हुन्छ । पाठ वा चित्र प्रयोग भएका सामग्रीका पृष्ठमा चित्र मात्र नराखी पाठ्यांश पनि राखिनु पर्दछ । यस आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकका चित्रहरू रङ्गीन र पाठ्यांशलाई पनि चित्रसँगै राखिएको छ । जसले पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रम विकास केन्द्रको निर्देशनलाई ख्याल गरेको छ । पाठ्यपुस्तकमा समावेश गरिएका चित्र सम्बन्धमा विगत पाँचवर्षदेखि अध्यापन गराउँदै आएका एक नेपाली विषयका शिक्षक ५ को प्रतिक्रिया यस प्रकार रहेको छ :

> *पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकमा रहेका चित्र उपयुक्त छन् किनकी पाठ्यपुस्तकमा उल्लेख गरिएका चित्रबाट नै विषयवस्तुको प्रस्तुतिमा स्पष्टता देखिन्छ, साथसाथै चित्रहरू प्रस्तुत गरिएको छ । पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्यवस्तु उपयुक्त नै छ । पाठ अनुसार सान्दर्भिक चित्र दिइएको छ । समय अनुसार चित्रहरू भएकाले ठिकै छन् (तिवारी : २०७९/११/२६) ।*

उल्लेखित शिक्षकको प्रतिक्रिया अनुसार पाठ्यपुस्तकका चित्रहरू आकर्षक र रङ्गीन खालका रहेका छन् । कागजको गुणस्तर सेतो र चिल्लो नभएकाले पनि चित्रहरु कतिपय बुझ्न नसकिने खालका

छन् । विषयवस्तु अनुसार चित्र उपयुक्त भएपनि छपाइमा सुधार गर्नुपर्ने देखिन्छ । चित्रका सम्बन्धमा अर्का एक जना शिक्षक ४ को अनुभव भने यस्तो रहेको छ :

> *विषयवस्तु पाठ्यवस्तुको आधारमा चित्र रहेका छन् । चित्रमा छायाँ परेको हुँदा प्रष्ट छैन । यसलाई बुझाउन राम्रो पेपर प्रयोग गरी छपाइएमा राम्रो हुने थियो । चित्रले शब्दले व्यक्त गर्न नसकेका धेरै विषयका बारेमा बोल्दछ । चित्र भएका जति सान्दर्भिक छन् । पाठ्यवस्तुले भनेका वा व्यक्त गरेका विचारप्रति चित्रको दृष्टिकोण सकारात्मक खालको देखिन्छ (अन्तर्वार्ता) ।*

माथि उल्लखित शिक्षकहरूको प्रतिक्रिया अनुसार पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरू पाठ्यवस्तु र रखाइका हिसाबले सान्दर्भिक रहेको पाइन्छ । जसमा पाठ्यपुस्तकको कागजको स्तर कमसल भएकाले पाठ्यपुस्तकमा रङ्गीन चित्रको प्रयोग गरेतापनि पर्याप्त मसिको प्रयोगले कुनै चित्र प्रभावकारी नभएको प्रतिक्रिया रहेको छ । छपाइका आधारमा चित्र स्पष्ट नभएको, पेपर कमसल रहेको उल्लेख छ । स्पष्ट चित्र रङ्गीन राखिएकाले विद्यार्थीको सिकाइमा सहयोगी पुग्ने खालका, स्तरीय बनाउन खोजिएको भन्ने प्रतिक्रिया रहेकाले समग्रमा पाठ्यपुस्तकका चित्र उपयुक्त रहेका छन् । पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरूको प्रयोग विद्यार्थीको सिकाइ अनुकूल राखिएका छन् । आकारका आधारमा चित्रहरू मध्यम खालका रहेका छन् भने विद्यार्थीको सिकाइका क्रममा चित्रको प्रयोग गरिएकाले उपयुक्त रहेका छन् । चित्रहरू स्पष्ट र प्रष्ट रूपमा नभएकाले देखाइका आधारमा कतिपय नबुझिने खालका अभ्यास रहेका छन् । आगामी दिनमा पाठ्यपुस्तक संसोधन गर्दा पाठ्यपुस्तकमा उपयुक्त कागज र मसीको प्रयोग गरी चित्रहरू छपाइमा बढी ध्यान दिइ स्पष्ट देखिने गरी छाप्नुपर्ने देखिन्छ ।

**छनोट**

यस अध्ययनमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन गर्दा यस पाठ्यपुस्तकमा पाठयवस्तुको छनोट विद्यार्थीको तह, स्तर र क्षमता अनुकूल तयार गरिएको देखिन्छ । पाठ्यक्रमले कविता, कथा, निबन्ध, जीवनी, निवेदन, चिठी, नियात्रा, संवाद, वक्तृता विधा छनोट गरिनुको साथै बोध अभिव्यक्ति भाषातत्वलाई छनोट गरिएको छ । पाठ्यक्रमले तोकेझै कविता विधामा छन्दोबद्ध कविता एउटा मात्र छनोट गरिएको छ । कथा विधामा सामाजिक र मनोवैज्ञानिक, पौराणिक कथाको क्रमशः छनोट गरिएको छ । पाठको क्रम अनुसार कविता, कथा, निबन्ध, निवेदन, जीवनी, संवाद, नियात्रा, चिठी जस्ता विधाहरू क्रमशः राखिएका विद्यार्थीको सिकाइ स्तरलाई झन्झटिलो र बोझिलो नहुने गरी पाठहरू राखिएका छन् । छनोट गर्दा कविता प्रकृतिमूलक कविता, अन्तर्राष्ट्रिय र राष्ट्रिय व्यक्तिका जीवनी, नियात्रा जस्ता विधा छनोटले पनि विद्यार्थीको समग्र पक्षमा सहयोग पुग्ने देखिन्छ । शिक्षकसँग गरिएको अन्तर्वार्ता अनुसार छनोटका सम्बन्धमा शिक्षक ६ को प्रतिक्रिया यस प्रकार रहेको छ :

> *पाठ्यपुस्तकमा रहेका पाठ्यवस्तुहरू छनोट गरेर नै समावेश गरिएका जस्ता देखिन्छन्, प्रत्येक विधा शिक्षण गर्दा फरक फरक खालका विधागत अभ्यास गराउँदा विद्यार्थीहरूमा रूचि जगाउने*

*खालका देखिन्छन्, पाठभन्दा अभ्यासहरूलाई बढी जोड दिएको पाइन्छ । पाठ्यवस्तुको छनोटमा विधागत विविधता छ । शिक्षण गर्न सकिने खालको छ । पाठ्यवस्तु र शिक्षण समय मिलेको लाग्छ (अन्तर्वार्ता) ।*

पाठ्यपुस्तकमा समावेश गरिएका विधा तथा अभ्यासहरु तह र स्तरका आधारमा राखिएका छन् । विद्यार्थीको सिकाइ अनुकूल हुने खालका अभ्यास र शब्दार्थ राखिएका छन् । यस पाठ्यपुस्तकका विधा छनोटका सम्बन्धमा अर्का शिक्षक ४ को धारणा यस प्रकार रहेको छ :

*हुँदा र तल्लो तहदेखि व्याकरण शिक्षण पाठसँगै पढाइ हुँदै आएको र एक अर्कासँग सम्बन्धित भएको पाठ पनि १६ ओटा भएको हुँदा तोकिएको समयमा शिक्षण गर्न सकिएको छ । व्याकरण केही समयको अभाव रहेको हुँदा व्याकरणलाई सिकाइ गर्दा उपयुक्त रहेको छ । भाषा पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्यवस्तु छनोटका हिसाबले उपयुक्त रहेको छ । नेपाल सरकारले तोकेको समयसिमाभित्र सकिने गरी राखिएकाले उपयुक्त रहेका छ ( अन्तर्वार्ता) ।*

माथि उल्लेखित शिक्षकको प्रतिक्रियालाई अध्ययन गर्दा विद्यार्थीको स्तर अनुसार नै छनोट गरिएको छ । अधिक नमुना अभ्यास र शब्दार्थ शिक्षणका कारणले समयमै शिक्षण गर्न सकिने सम्भावना कम रहेको, व्याकरण केही समयको अभाव रहेको हुँदा व्याकरणलाई सिकाइ गर्दा उपयुक्त रहेको प्रतिक्रिया रहेकाले पाठ्यपुस्तकमा प्रयोग गरिएका विधाहरू छनोट प्रक्रिया उपयुक्त नै रहेका छन् । कविता, कथा, निबन्ध, वक्तृत्ता, नियात्रा तथा विभिन्न अन्य चिठी विधाहरूलाई क्रमशः राखिएका छन् । विद्यार्थीलाई सहज हुने गरी पाठ्य विधाको प्रयोग गरिएको छ । शिक्षणका क्रममा शिक्षकलाई विद्यार्थीको सिकाइ सहजीकरण हुने गरी विधाहरू राखिएका छन् । कथा विधाहरू पनि सामाजिक, ऐतिहासिक तथा प्रकृतिमुलक राखिएका छन् भने जीवनी विधा राष्ट्रिय अन्तराष्ट्रिय व्यक्तिका जीवनीलाई समावेश गरिएको पनि पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरू उपयुक्त रहेका छन् ।

**स्तरण**

पाठ्यपुस्तकको विषयवस्तुको स्तरण पाठ्यक्रममा उल्लेख भएका विधा र क्षेत्र, क्रम तालिकाअनुसार कविता, कथा, निबन्ध, जीवनी, संवाद, चिठी, निवेदन, नियात्रा, दैनिकी, वक्तृता राखिएको छ । पाठ्यपुस्तकमा सबै विधाको विधागत क्रम मिलाएर राखिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकको विधागत क्रमको तालमेल मिलेको देखिन्छ । स्तर अनुसार सरलदेखि जटिलताको क्रममा राखिएको छ । परिमार्जित पाठ्यक्रम २०७८ अनुसार विधाको क्षेत्र क्रम तालिका अनुसारको विधा पाठ्यपुस्तकमा राखिएको छ । पाठ्यपुस्तकमा विधागत पाठहरूको वितरण क्रमशः चक्रीय प्रणाली अनुरूप राखिएको देखिन्छ । यसरी नेपाली भाषा पाठ्यक्रमका आधारमा नेपाली भाषा पाठ्यपुस्तकको स्तरण उपयुक्त रहेको देखिएको छ । टछ कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीको उमेर, रूचि र स्तर अनुसारका विधा राखिएका

छन् । जसमा कविता विधामा अधिकांश साहित्यसँग सम्बन्धित खालका कविता राखिएका छन् भने कथाहरू रोचक खालका मनोवैज्ञानिक र सामाजिक कथा राखिएका छन् भने वक्तृता, जीवनी विधामा पनि राष्ट्रिय अन्तर्राष्ट्रिय जीवनी राखिनुले पनि विद्यार्थीको स्तर अनुकूल रहेको देखिन्छ । शिक्षकसँग गरिएको अन्तर्वार्ताका आधारमा शिक्षकले पाठ्यपुस्तकको स्तरको सम्बन्धमा शिक्षक ५ ले दिएको प्रतिक्रिया यस प्रकार रहेका छन् :

> *पाठ्यक्रमका आधारमा यस पाठ्यपुस्तकका विषयवस्तु राम्रोसँग स्तर गरिएको छ । नयाँ पाठ्यक्रम कषा ६, ७ र ९ मा ल्याएका पाठ्यपुस्तकहरूमा समानता र स्तरण गरिएको देखिन्छ । आन्तरिक मूल्याङ्कनको प्रक्रिया र पुस्तकमा भएका विधागत रखाइका साथै पाठसङ्ख्या, व्याकरण र विभिन्न सिर्जनात्मक कार्यहरू मिल्दोजुल्दो देखिए तापनि कक्षा अनुसार राम्रोसँग स्तरण भएको पाइएको छ । स्तरण राम्रो गरिएको छ । चक्रिय स्तरणलाई अपनाइएको छ । स्तरण नै छन् किनभने आवश्यक सबै प्रक्रियाहरू पुरा गरिएका छन् (अन्तर्वार्ता) ।*

शिक्षकको प्रतिक्रियाअनुसार पाठ्यक्रमअनुसारका विषयवस्तुको स्तरण राखिएको छ । विधागत रखाइक्रम क्रमशः राखिएका छन् । सिर्जनात्मक किसिमका विषयवस्तु र अभ्यासाई राखिएको छ । व्याकरण अभ्यालाई पनि जोड दिएको पाइन्छ । यसरी पाठ्यवस्तुको स्तरणका सम्बन्धमा अर्को एक जना अर्को शिक्षक ६ को अनुभव यस प्रकार रहेको छ :

> *यस पाठ्यपुस्तकमा पाठ्यवस्तुको स्तरण उपयुक्त रहेको पाइन्छ । जसमा कविता विधाबाट आरम्भ गरी विधागत मिश्रित रूपमा स्तरण मिलाइएको छ । पाठ्यपुस्तकमा पाठ्यक्रमका क्रममा नै क्रमशः सरल पाठ र अभ्यास राखेरै विस्तारै जटिल विषयवस्तु राखिएकाले यसको स्तरण र क्रमवद्धता उपयुक्त छ भन्ने लागेको छ (अन्तर्वार्ता) ।*

माथि उल्लेखित विभिन्न शिक्षकका प्रतिक्रियालाई अध्ययन गर्दा पाठ्यपुस्तकमा समावेश गरिएका विधा स्तर अनुसार रहेका छन् । पाठहरू सरलदेखि जटिलताको क्रममा राखिएको, विधाहरू सबै समावेश गरिएको, तह र विद्यार्थीको उमेरलाई ख्याल गरी पाठ्यवस्तु बनाइएको प्रतिक्रिया दिएका छन् । पाठ्यपुस्तकमा चक्रिय स्तरण राखिएकाले पनि पाठ्यपुस्तकमा समावेश गरिएकाले पनि पाठ्यवस्तुको स्तरण उपयुक्त रहेको छ । पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यास स्तरीकृत रूपमा राखिएका छन् । भाषा शिक्षणका क्रममा सहज हुने गरी हरेक पाठमा सिर्जनात्मक, भाषिक, व्याकरण र विविध किसिमले अभ्यास राखिएका छन् । समग्र पक्षका विकास हुने गरी विधालाई स्तरीकृत गरिएको छ । पाठका सिलसलाहरू मिलाइएका छन् । विद्यार्थीको उमेर अनुसार नियात्रा विधालाई समेटिएको छ । चिठी र निवेदन दुवै पाठलाई राखिएको छ अन्तिममा परिशिष्टमा सुनाइ सिपका नमुना राखिएका छन् । यसरी हेर्दा पाठका आधारमा विषयवस्तु सरलताबाट जटिलताको क्रममा क्रमशः राखिएकाले उपयुक्त रहेको छ ।

## प्राप्ति तथा छलफल

प्रस्तुत अध्ययनबाट कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७९) मा पाठ्यक्रमीय उद्देश्य, भाषिक सिप विकास, विषयवस्तुको विविधता, शब्दभण्डार, भाषा संरचना तथा अभ्यासलाई समन्वित रूपमा समेटिएको प्राप्त भएको छ । शिक्षकका प्रतिक्रियाका आधारमा पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, जीवनी, निवेदन, चिठी, नियात्रा, संवाद तथा वक्तृता आदि विभिन्न विधाका पाठ समावेश गरिएका छन् । यस्ता विधागत विविधताले विद्यार्थीलाई फरक फरक भाषिक संरचना, अभिव्यक्ति शैली र विषयगत सन्दर्भसँग परिचित गराउने देखिन्छ । पाठ्यवस्तु विद्यार्थीको उमेर, रुचि, क्षमता, तह र आवश्यकतालाई ध्यानमा राखी चयन गरिएको पाइए पनि आगामी संशोधनमा विद्यार्थीको स्थानीय तथा सामाजिक सान्दर्भिकतालाई अझ बढी प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ (ढुङ्गेल, सन् २०२५) । यो प्राप्ति भाषापाठ्यपुस्तकमा विधागत विविधता र भाषिक सिप केन्द्रित विषयवस्तुको आवश्यकता औंल्याउने पूर्वअध्ययनसँग पनि सामञ्जस्यपूर्ण देखिन्छ ।

विषयवस्तुको स्तरीकरण तथा क्रमबद्धताका दृष्टिले पाठ्यपुस्तकमा सरलबाट जटिलतातर्फ जाने प्रवृत्ति देखिन्छ । शिक्षकका प्रतिक्रियाले पाठहरूलाई क्रमिक रूपमा प्रस्तुत गरिएको, पाठ्यवस्तु निर्धारित समयभित्र शिक्षण गर्न सकिने र विभिन्न विधालाई उपयुक्त क्रममा राखिएको देखाएका छन् । यसले विद्यार्थीलाई एकैपटक अत्यधिक जटिल भाषिक सामग्रीको सामना गर्नुपर्ने अवस्थालाई कम गर्न सहयोग पुऱ्याउँछ । तथापि केही साहित्यिक तथा अलङ्कारिक शब्दावलीका कारण विशेषतः कवितात्मक पाठहरू तुलनात्मक रूपमा कठिन बन्न सक्ने देखिएको छ । उदाहरणका रूपमा मेघ बिजुली विवाह जस्ता कवितामा प्रयुक्त केही साहित्यिक शब्दले विद्यार्थीको अर्थबोधमा कठिनाइ उत्पन्न गर्न सक्ने शिक्षकको धारणा पाइन्छ । त्यसैले पाठ्यवस्तुको स्तरीकरण केवल विषयगत कठिनाइका आधारमा नभई विद्यार्थीको भाषिक ज्ञान, पूर्वअनुभव र अर्थबोध क्षमताका आधारमा समेत निर्धारण गर्न आवश्यक देखिन्छ ।

शब्दभण्डारका दृष्टिले पाठ्यपुस्तकमा पर्याप्त र विविध शब्दहरूको प्रयोग भएको प्राप्त भएको छ । नयाँ शब्दसँगै विद्यार्थीको पूर्वअनुभवसँग सम्बन्धित शब्दहरू पनि समावेश गरिएका छन् । तत्सम, तद्भव, आगन्तुक तथा पर्यायवाची शब्दको सन्तुलित प्रयोगले विद्यार्थीको शब्दभण्डार विस्तारमा सहयोग पुऱ्याउने देखिन्छ । कथा, कविता, निबन्ध, जीवनी तथा संवादजस्ता विधामा फरक फरक प्रकृतिका शब्दहरू प्रयोग गरिएको छ र केही कठिन शब्दको अर्थ पाठकै सन्दर्भ वा अभ्यासमार्फत स्पष्ट पार्ने व्यवस्था गरिएको छ । यसबाट पाठ्यपुस्तकले शब्दलाई केवल अर्थ कण्ठ गराउने साधनका रूपमा नभई सन्दर्भगत भाषिक प्रयोगसँग जोड्ने प्रयास गरेको देखिन्छ । यद्यपि सबै शब्द विद्यार्थीको भाषिक क्षमताअनुकूल नरहेको र केही कठिन शब्दको वितरण अझै विद्यार्थीको तहसँग सूक्ष्म रूपमा मिलाउनुपर्ने देखिन्छ ।

भाषा संरचनाका सम्बन्धमा पाठ्यपुस्तकको भाषा सामान्यतः सरल, स्पष्ट, व्यावहारिक र रुचिकर रहेको प्राप्त भएको छ । छोटा तथा संयुक्त वाक्यको प्रयोग बढी हुनु, सरलबाट जटिलतर्फ

भाषिक संरचनाको क्रम विकास हुनु र विद्यार्थीले सहज रूपमा बुझ्न सक्ने भाषाशैली अपनाइनुले पाठ्यपुस्तकलाई शिक्षण-सिकाइका लागि उपयोगी बनाएको देखिन्छ (फुयाल, सन् २०२२) । तर कवितामा प्रयुक्त साहित्यिक शब्द, प्रतीकात्मक अभिव्यक्ति तथा केही जटिल संरचनाले सामान्य विद्यार्थीका लागि कठिनाइ सिर्जना गर्न सक्ने देखिन्छ । यसर्थ आगामी परिमार्जनमा विद्यार्थीको भाषिक ज्ञानलाई आधार मानी भाषा संरचनाको कठिनाइ क्रम निर्धारण गर्नु उपयुक्त हुन्छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तकसम्बन्धी पूर्वअध्ययनले पनि सरलबाट जटिलतर्फको क्रम, चार भाषिक सिपसम्बन्धी अभ्यास र विद्यार्थीको तहअनुकूल सामग्रीलाई महत्वपूर्ण पक्षका रूपमा देखाएको छ ।

अभ्यासका दृष्टिले पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै व्याकरण, भाषिक संरचना, सिर्जनात्मक कार्य तथा परियोजना कार्य समावेश गरिएका छन् । अभ्यासहरू पाठ्यवस्तु र पाठ्यक्रमसँग सम्बन्धित हुनुका साथै विद्यार्थीको रुचि, तह र आवश्यकतालाई सम्बोधन गर्ने प्रकृतिका छन् । यसले पाठ्यपुस्तकलाई ज्ञान हस्तान्तरणमा मात्र सीमित नराखी भाषिक प्रयोग र सिप विकासतर्फ उन्मुख गराएको देखिन्छ । तथापि आलोचनात्मक तथा मौलिक सोच विकास गर्ने अभ्यासहरू तुलनात्मक रूपमा कम रहेकाले त्यस्ता अभ्यासको संख्या र विविधता बढाउनुपर्ने आवश्यकता देखिन्छ ।

समग्रमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०७९) पाठ्यक्रमअनुरूप, विधागत रूपमा विविध, भाषिक सिपकेन्द्रित तथा विद्यार्थीको तहलाई सामान्यतः सम्बोधन गर्ने प्रकृतिको रहेको प्राप्त भएको छ। तथापि विद्यार्थीको स्थानीय सान्दर्भिकता, भाषिक क्षमताअनुकूल कठिन शब्द तथा भाषा संरचना, साहित्यिक पाठको अर्थबोध र आलोचनात्मक अभ्यासलाई थप सुदृढ गर्न सके पाठ्यपुस्तकको शिक्षणीय प्रभावकारिता अझ बढ्ने देखिन्छ । यसर्थ पाठ्यपुस्तक परिमार्जन गर्दा पाठ्यक्रमीय अनुरूपतासँगै विद्यार्थीको वास्तविक भाषिक अनुभव, रुचि, सामाजिक-सांस्कृतिक सन्दर्भ र सिकाइ आवश्यकतालाई केन्द्रमा राख्नु आवश्यक देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा पाठ्यवस्तुको छनोट तथा स्तरीकरण विश्लेषण गर्दा पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध, जीवनी, निवेदन, चिठी, नियात्रा, संवाद र वक्तृता जस्ता विविध विधा समावेश गरिएको प्रमाण भेटियो । यी विधाहरू विद्यार्थीको उमेर, रुचि, क्षमता, स्तर र आवश्यकतालाई ध्यानमा राखेर चयन गरिएको तथा पाठहरू सरलदेखि जटिलतातर्फ क्रमशः राखिएको अध्ययनबाट देखियो । शिक्षकको प्रतिक्रियाले पनि पाठ्यवस्तु पाठ्यक्रमअनुकूल, सान्दर्भिक र कक्षाकोठामा प्रयोगयोग्य रहेको पुष्टि गरेको छ । यद्यपि केही पाठ, विशेषतः 'मेघ बिजुली विवाह', विद्यार्थीका लागि तुलनात्मक रूपमा कठिन रहेको तथ्य पनि प्राप्त भएकाले पाठ्यवस्तुको आगामी परिमार्जनमा विद्यार्थीको भाषिक तथा सान्दर्भिक पृष्ठभूमिलाई अझ सूक्ष्म रूपमा सम्बोधन गर्नुपर्ने देखिन्छ । शब्दभण्डार हेर्दा पाठ्यपुस्तकमा नवीन तथा विद्यार्थीको पूर्वअनुभवमा आधारित शब्दका साथै तत्सम, तद्भव, आगन्तुक र पर्यायवाची शब्दको सन्तुलित प्रयोग गरिएको प्रमाण पाइयो । विभिन्न पाठमा विषयगत, साहित्यिक र पारिभाषिक शब्दसमेत प्रयोग गरिएको छ । उदाहरणतः 'मेघ बिजुली विवाह' लगायतका कवितामा साहित्यिक शब्दहरूको

प्रयोग र अन्य पाठमा प्राविधिक तथा पारिभाषिक शब्दको प्रयोग देखिन्छ । यसले शब्दभण्डार विस्तारमा सहयोग गर्ने भए पनि केही कठिन शब्द विद्यार्थीको भाषिक क्षमतासँग पूर्णतः अनुकूल नभएको तथ्यसमेत अध्ययनले देखाएको छ । भाषा संरचना अध्ययन गर्दा भाषा सामान्यतः सरल, स्पष्ट, व्यावहारिक र रुचिकर रहेको तथा सरल र संयुक्त वाक्यको प्रयोग बढी भएको प्रमाण प्राप्त भयो । पाठहरूमा सरलदेखि जटिलतातर्फ भाषिक पक्षको क्रमिकता देखिए पनि विद्यार्थीको भाषिक ज्ञानलाई ध्यानमा राखेर केही संरचना थप सरल बनाउनुपर्ने शिक्षकको सुझाव रहेको छ । अभ्यास विश्लेषण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइका चारै भाषिक सिप समेटिएका अभ्यासका साथै व्याकरण, सिर्जनात्मक र परियोजना कार्यसम्बन्धी अभ्यास रहेको प्रमाण भेटियो । अभ्यासहरू पाठ्यक्रम तथा पाठ्यवस्तुसँग सम्बन्धित र विद्यार्थीको स्तरअनुकूल रहेको शिक्षकको प्रतिक्रिया पनि प्राप्त भयो तर विवेचनात्मक अभ्यासमा मौलिकताको मात्रा कम रहेको तथ्यले आलोचनात्मक र सिर्जनात्मक सोच विकास गर्ने अभ्यासलाई थप विस्तार गर्नुपर्ने आवश्यकता देखाउँछ । समग्रमा यस पाठ्यपुस्तकमा पाठ्यक्रमअनुकूल विधागत रूपमा विविध, सामान्यतः विद्यार्थीको तहअनुकूल र भाषिक सिप विकासमुखी रहे तापनि पाठ्यवस्तुको सान्दर्भिकता, कठिन शब्द भाषा संरचनाको तहअनुकूल मौलिक तथा आलोचनात्मक अभ्यासको विस्तार आगामी पाठ्यपुस्तक सुधार गर्नुपर्ने रहेका छन् ।

## सन्दर्भसूची

ढकाल, शान्तिप्रसाद (२०७३), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७६), *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

ढुङ्गेल, लक्ष्मी (सन् २०२५), *कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०७८) को बाह्य र आन्तरिक पक्षका आधारमा अध्ययन. Creative Vision Multidisciplinary Journal of PMC,* ३(१), १६६-१८४.

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७३), *नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०७९), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

फुयाल, शोभाकुमारी (सन् २०२२), कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक २०५५ को विश्लेषण, *कग्निसनः ए पियर रिभ्युड ट्रान्सडिसिप्लिनरी रिसर्च जर्नल,* ४(१), २२४-२३३ ।

लम्साल, रामचन्द्र र अन्य (२०७३), *नेपाली भाषा पाठ्यक्रम भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।